“अल्लाहले (प्रलयको दिन) त्यस व्यक्तिलाई कृपाले हेर्नुहुने छैन, जसले अहङ्कार र घमण्डवश आफ्नो वस्त्र भुइँमा घिसार्दै हिँड्दछ।”

अब्दुल्लाह बिन उमर (रजियल्लाहु अन्हुमा) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु
अलैहि वसल्लम) ले भन्नुभएको छ : “अल्लाहले (प्रलयको दिन) त्यस व्यक्तिलाई कृपाले हेर्नुहुने छैन, जसले अहङ्कार र घमण्डवश आफ्नो वस्त्र भुइँमा घिसार्दै हिँड्दछ।”
[सही] [मुत्तफकुन अलैहि]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले अहंकारवश आफ्नो वस्त्र वा इजार (कम्मरमुनि लगाइने कपडा) गोलीगाँठोभन्दा तल झुन्ड्याउने कार्य विरुद्ध कडा चेतावनी दिनुभएको छ। उहाँले भन्नुभएको छ कि जसले अहंकारका कारण यस्तो गर्दछ, ऊ अल्लाहको कठोर दण्डको भागीदार बन्दछ, यहाँसम्म कि अल्लाहले प्रलय (कियामत) को दिन उसतर्फ कृपाको दृष्टिले हेर्नुहुने समेत छैन।

http://sunnah.global/hadeeth/ne/show/5370